राप्ती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कालिका, दाङ
लुम्बिनी प्रदेश, नेपाल

# आ.व. २०८१/८२ को छैटौं कार्यपालिका बैठक

आज मिति २०८१।०७।१३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री प्रकाश विष्ट | अध्यक्ष | |
| श्री कमलापति चौधरी | उपाध्यक्ष | |
| श्री गेमे खड्का | सदस्य | |
| श्री पहलवान चौधरी | सदस्य | |
| श्री उमेश अधिकारी | सदस्य | |
| श्री विर वहादुर चौधरी | सदस्य | |
| श्री देव प्रसाद चौधरी | सदस्य | |
| श्री दीपक कुमार चौधरी | सदस्य | |
| श्री सिताराम चौधरी | सदस्य | |
| श्री चन्द्र बहादुर गुरुङ | सदस्य | |
| श्री रिम वहादुर सुनारी मगर | सदस्य | |
| श्री पार्वती सुवेदी | सदस्य | पार्वती |
| श्री चम्फा भुसाल | सदस्य | |
| श्री रण बहादुर पुजाली सार्की | सदस्य | |
| श्री गिता चौधरी | सदस्य | |
| श्री सावित्री चौधरी | सदस्य | |
| श्री संजिव परियार | सदस्य | |
| श्री नेब बहादुर वली | सदस्य सचिव | |
| **आमन्त्रित** | | |
| श्री विकास ज्ञवाली | अधिकृत छटौं | |
| श्री अशोक बेल्बासे | ईन्जिनियर | |
| श्री मुमाराम भुसाल | रोजगार संयोजक | |
| श्री रेशमराज अधिकारी | आ प्र शाखा प्रमुख | |
| श्री गिता चौधरी | खापासटे | |

मिति २०८१।०७।१३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।

**निर्णय नं.१-** राप्ती गाउँपालिका,गाउँकार्यपालिकाको कार्यपालिका बैठकको यसअघिका निर्णयको समिक्षा गरियो।

**निर्णय नं.२ -** पूर्ण सरसफाई सम्बन्धी रनिङ शिल्ड कार्यक्रमको लागि राप्ती गाउँपालिकाको पूर्ण सरसफाई सम्बन्धी रनिङ शिल्ड मापदण्ड, २०८१ स्विकृत गर्ने।

**१. टोल तर्फ**

**क. क्रियाकलापहरू तथा सुचकहरू**

| क्र.सं. | क्रियाकलाप र सुचकहरू | अङ्क भार | विवरण |
|---|---|---|---|
| १ | खुल्ला ठाँउमा दिसापिसाब गर्ने गरेको/ नगरेको | ०, १ | खुल्ला दिसापिसाब नगरेको = १, गरेको = ० |
| २ | विद्यालय, स्वास्थ्य संस्था, सघ संस्थामा सार्वजनिक शौचालयमा साबुन र पानीको सुविधा | ०, १ | साबुन र पानीको सुविधा भएको = १, नभएको = ०<br>कुनै पनि सार्वजनिक सघ संस्था नभएमा १ |
| ३ | कुहिने र नकुहिने फोहोर छुट्टाएर राख्ने (फोहोरको वर्गीकरण) | ०, १ | फोहोर छुट्टाएर राख्ने = १, नगरेको = ० |
| ४ | टोल तथा वडा सौन्दर्यकरण र हरियाली | ०, १ | हरियाली र सौन्दर्यकरण भएको = १, नभएको = ० |
| ५ | सार्वजनिक स्थलमा सरसफाई गरिएको या नगरेको | ०, ०.५, १ | सरसफाई भएको = १, नभएको = ० |
| ६ | खुल्ला क्षेत्रमा सौन्दर्यकरण र हरियाली | ०, ०.५, १ | कम्तीमा १ खुला क्षेत्र मात्र भए = ०.५, सौन्दर्यकरण र हरियाली पनि भए = १ |
| ७ | टोलविकास संस्थाको नियमित सरसफाई बैठक गरि प्रतिवेदन वडा तथा गाँउपालिकामा पठाइएको (मासिक बैठकहरूको संख्या) | ०, ०.५, १ | ४ पटक वा बढी = १, २-३ पटक = ०.५, २ भन्दा कम = ० |
| ८ | टोलविकास संस्थाले मासिक सरसफाई कार्यक्रमको आयोजना गरेको (मासिक कार्यक्रमहरूको संख्या) | ०, ०.५, १ | ४ पटक वा बढी = १, २-३ पटक = ०.५, २ भन्दा कम = ० |
| ९ | फोहरमैला व्यवस्थापनमा नमुना कार्यहरू (जस्तै डस्टबिन स्थानीय सामग्रीको प्रयोग, झारु, आदि) | ०, १ | नमुना कार्यहरू गरेको = १, नगरेको = ० |
| १० | प्लाष्टिकजन्य फोहरको व्यवस्थापन | ०, ०.५, १ | वर्गीकरण गरेर पठाउने = १, वर्गीकरण नगरी पठाउने = ०.५, जलाउने = 0 |
| ११ | सार्वजनिक सुनुवाई | | २ पटक वा बढी = १, १ पटक = ०.५, १ भन्दा कम = ० |
| १२ | घरको सरसफाई शुल्क उठाएको आधारमा | ० देखि ४ | शुल्क उठाएको घरधुरी संख्या/कुल घरधुरी*१००%*४ |
| | कुल अंक | | १५ |

नोट: फोहोरको वर्गीकरणको लागि कम्तीमा १० घरधुरीबाट सर्वेक्षण गर्नुपर्ने छ।

निर्णय नं.३ - १ देखि ९ नं. वडामा सरसफाई रनिङ शिल्ड तथा पुर्ण सरसफाई कार्यक्रम अन्तरगत उत्कृष्ट प्रथम वडालाई रु १ लाख र द्धितीय वडालाई रु ५० हजारको योजना प्रोत्साहन स्वरुप उपलब्ध गराउने साथै टोल विकास संस्थाको हकमा हरेक वडाको एक वटा उत्कृष्ट टोल विकास संस्थालाई प्रोत्साहन स्वरुप रु २००००/- उपलब्ध गराउने ।

निर्णय नं.४ -आ.व. २०८१।८२ मा टोल विकास संस्था मार्फत सरसफाई शुल्क उठाउने संस्थाको हकमा उक्त टोलबाट उठेको सरसफाई शुल्कको २० प्रतिशत रकम सम्बन्धित टोल विकास संस्थालाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

निर्णय नं.५– लोक सेवा आयोगको कार्यालय, तुलसीपुर, दाङको सिफारिस बमोजिम राप्ती गाउँपालिका दाङमा स्थायी नियुक्ति भई स्थानीय तहको दोहोरो सहमति अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौले बराहताल गाउँपालिका सुर्खेतमा कामकाजमा खटाएका ईन्जिनियरिङ सेवा, सिभिल समूह, सहायक स्तर चौथो तह,असिस्टेन्ट सव ईन्जिनियर पदमा कार्यरत कर्मचारी श्री पार्वती के.सी. (क.सं.नं. २४२१७२)लाई कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा १३६ (२) बमोजिम हाल कार्यरत (कामकाज गरिरहेको) स्थानीय तहमा नै पदस्थापनाको लागि सहमति प्रदान गर्ने ।

निर्णय नं.६- राप्ती गाउँपालिका वडा नं.२ स्थित पुण्यपुर स्थित फोहोरमैला तथा सरसफाई व्यवस्थापन केन्द्रमा कार्यरत सरसफाईकर्मीको स्वास्थ्य विमाको लागि आवश्यक व्यवस्था गर्ने ।

निर्णय नं. ७ – राप्ती गाउँपालिकाको आ व २०८१।८२ का लागि स्विकृत बार्षिक बजेट तथा कार्यक्रम उल्लेखित तपशिल बमोजिमका योजनाहरुको लागत अनुमानका आधारमा स्रोत सुनिश्चितता गर्ने ।

- राप्ती १ र २ जोड्ने चौरपानी टोल नजिक कटेश खोलामा कल्भर्ट निर्माण
- चौरीघाट भानपुर सडक बडकावाहीमा बक्स कल्भर्ट निर्माण राप्ती ४ दाङ
- घोडुंगेखोला झोलुङ्गे पुल निर्माण राप्ती ९ दाङ

निर्णय नं.८- राप्ती गापा वडा नं. स्थित जावुने कालाखोला मुहान संरक्षण योजनाको लागि नाम्सालिङ सामुदायिक विकास केन्द्र,ईलाम संग साझेदारी गर्ने ।

निर्णय नं. ९ – राप्ती गाउँपालिकाको स्विकृत वार्षिक कार्यक्रम अनुसार शिक्षा, युवा तथा खेलकुद तर्फ राप्ती गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा पुर्वाधार निर्माण सम्बन्धी कार्यक्रमबाट नवप्रतिभा आधारभुत विद्यालय,राप्ती १ दाङको ४ कोठे भवन निर्माणको लागि पकृया अगाडी बढाउने ।

निर्णय नं. १०- मिति २०८१ साल कार्तिक २९ देखि मंसिर ०२ गते सम्म राप्ती गापा-७,अर्नहानपुर टोलमा [illegible] धार्मिक मेला संचालनका लागि अनुमतिका सिफारिस भई आएको उक्त मेला संचालनका लागि तपशिल बमोजिमको शर्तहरु राखी अनुमति प्रदान गर्ने।

- मेला स्थल संचालन अवधि तथा समापन पश्चात पुर्ण सरसफाई गर्ने।
- मेला संचालन गर्दा सामाजिक सास्कृतिक कुनै प्रकारको साम्प्रदायिक खलल पर्न नदिने।
- प्रचलित कानुनले निषेध गरेका गतिविधिहरु संचालन गर्न नपाईने।

प्रकाश विष्ट
अध्यक्ष